**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- शुभेन्दु अधिकारीले आज पश्चिम बंगालको पहिलो भाजपा मुख्यमन्त्रीको रूपमा शपथ लिनुहुनेछ। शपथ ग्रहण समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, भाजपा अध्यक्ष नितिन नवीन, केन्द्रीय मन्त्रीहरू लगायत अन्य व्यक्तित्वहरु उपस्थित हुने अपेक्षा गरिएको छ।

- केन्द्रीय गृहमन्त्री अमित शाहले पश्चिम बंगालको भाजपा सरकारले भारतको सिमाना सुरक्षित गर्ने र राष्ट्रिय सुरक्षामा रहेको सबैभन्दा ठूलो कमीलाई समाधान  गर्ने बताउनुभएको छ।

- पश्चिम बंगाल विधानसभा चुनावको समयमा निर्वाचन ड्युटीमा भाग नलिएकोमा निर्वाचन आयोगले दृष्टिविहीन शिक्षकहरूलाई कारण बताउ नोटिस जारी गरेको छ।

- पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्डले हिज पश्चिम बंगाल माध्यमिक परीक्षा 2026 को परिणाम सार्वजनिक गरेको छ। यस वर्ष उत्तर दिनाजपुरका विद्यार्थी अभिरुप भद्राले 700 मा 698 अंक प्राप्त गरेर राज्यमा प्रथम स्थान हासिल गरेको छ।

- गोर्खा जनमुक्ति मोर्चाद्वारा बंगाल सरकारले गैर कानुनी रुपमा नियुक्त गरिएको खरसाङ नगरपालिकाको बोर्ड खारेज गर्नु पर्ने मांगसहित विभिन्न विषयहरुमा खरसाङ महकुमा शासकलाई ज्ञापन पत्र बुझाएको छ।

**पश्चिम बंगाल - शपथ ग्रहण समारोह**

शुभेन्दु अधिकारीले आज पश्चिम बंगालको पहिलो भाजपा मुख्यमन्त्रीको रूपमा शपथ लिनुहुनेछ। शपथ ग्रहण समारोह कोलकाताको ब्रिगेड परेड ग्राउन्डमा हुनेछ। शपथ ग्रहण समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, भाजपा अध्यक्ष नितिन नवीन, केन्द्रीय मन्त्रीहरू र सबै एनडीए शासित राज्यका मुख्यमन्त्रीहरू उपस्थित हुने अपेक्षा गरिएको छ।

हिजो यसअघि, श्री अधिकारीलाई राज्य भाजपा विधायक दलको नेताको रुपमा निर्वाचित गरिएको थियो। गृहमन्त्री अमित शाहको उपस्थितिमा कोलकातामा विधायक दलको बैठक भएको थियो। बैठकको अध्यक्षता गर्नुहुदै, श्री शाहले शुभेन्दु अधिकारीको पक्षमा सबै प्रस्तावहरू प्राप्त भएको बताउनुभयो। भाजपा विधायक दलको नेता निर्वाचित भएपछि, श्री अधिकारीले पश्चिम बंगालका राज्यपाल आर.एन. रविसँग भेट गर्नुभयो र राज्यमा पहिलो भाजपा नेतृत्वको सरकार गठन गर्ने दाबी गर्नुभयो। तृणमूल कांग्रेसको १५ वर्षको शासन अन्त्य गर्दै भाजपाले विधानसभा चुनावमा ऐतिहासिक जित हासिल गरेको थियो।

यसैबीच, श्री अधिकारीको गृहनगर पूर्वा मेदिनीपुर र उहाँको निर्वाचन क्षेत्र नन्दीग्राममा उत्सव मनायो। मानिसहरूले जुलुस निकालेर र गुलाल  उदाएर उत्सव मनाए।

**अमित शाह**

केन्द्रीय गृहमन्त्री अमित शाहले पश्चिम बंगालको भाजपा सरकारले भारतको सिमाना सुरक्षित गर्ने र राष्ट्रिय सुरक्षामा रहेको सबैभन्दा ठूलो कमीलाई सम्बोधन गर्ने बताउनुभएको छ। हिजो कोलकातामा पश्चिम बंगालका नवनिर्वाचित भाजपा विधायकहरूलाई सम्बोधन गर्नुहुदै श्री शाहले भन्नुभयो भाजपाको जित हाम्रो संगठन विस्तार गर्ने वा हाम्रो विचारधारालाई प्रमाणित गर्ने बारेमा होइन, यो जित देशको राष्ट्रिय सुरक्षामा रहेको सबैभन्दा ठूलो कमीलाई सम्बोधन गर्ने बारेमा हो। उहाँले  असम, त्रिपुरा र अब पश्चिम

बंगालमा भाजपा सरकारहरू भएकोले हामी सीमालाई अभेद्य किल्लामा परिणत गर्नेछौं भनि बताउनुभयो। ( BYTE - AMIT SAHA)

श्री शाहले जोड दिनुभयो भाजपा सरकारको अधीनमा पश्चिम बंगालमा घुसपैठ र गाई तस्करी असम्भव हुनेछ। गृहमन्त्रीले पार्टी कार्यकर्ताहरूलाई 'सोनार बंगला' निर्माण गर्न र जनताको आकांक्षा पूरा गर्न आग्रह गर्नुभयो। उहाँले "तुष्टीकरणको राजनीति" लाई अस्वीकार गर्ने र तृणमूल कांग्रेसको १५ वर्षको शासन समाप्त गर्ने बंगालका मतदाताहरूलाई धन्यवाद दिनुभयो।

**गुरुदेव जयन्ती**

आज गुरुदेव रवीन्द्रनाथ टैगोर जयन्ती हो | प्रधानमन्त्री नरेन्द्र मोदी , रक्षामन्त्री राजनाथ सिंह र गृहमन्त्री अमित शाहले गुरुदेव रवीन्द्रनाथ टैगोरलाई उहाँको १६५ औं जयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।

**दृष्टिविहीन शिक्षक निर्वाचन आयोग**

पश्चिम बंगाल विधानसभा चुनावको समयमा निर्वाचन ड्युटीमा भाग नलिएकोमा निर्वाचन आयोगले दृष्टिविहीन शिक्षकहरूलाई कारण बताउ नोटिस जारी गरेको छ। यस विषयमा कलकत्ता उच्च न्यायलयले निर्वाचन आयोगको कडा आलोचना गरेको छ। मुख्य न्यायाधीश सुजय पाल र न्यायाधीश पार्थसारथी सेनको डिभिजन बेन्चले निर्वाचन आयोगलाई मानवीय दृष्टिकोणबाट यो मुद्दालाई विचार गर्न भनेको छ।

हिज, 'ऑल बंगाल ब्लाइंड टीचर्स एसोसिएशन' ले उच्च न्यायलयलाई जानकारी गराए अनुसार निर्वाचन नियम अनुसार दृष्टिविहीन शिक्षकहरूले कहिल्यै पनि प्रिसाइडिंग ऑफिसरको जिमवारी निर्वाह गर्न सक्दैनन्। यसको बाबजुद पनि, हालै सम्पन्न पश्चिम बंगाल विधानसभा चुनावको समयमा उनीहरूलाई निर्वाचन ड्यूटीमा तैनाथ गरिएको थियो। निर्वाचन आयोगले उनीहरूलाई ड्यूटीमा नलागेकोमा कारण बताउ नोटिस जारी गरेको छ। न्यायलयले एसोसिएशनलाई निर्वाचन आयोगमा विस्तृत आवेदन पेश गर्न निर्देशन दिएको छ। आयोगले आवेदन प्राप्त भएको ९० दिन भित्र यस विषयमा निर्णय लिनुपर्नेछ र एसोसिएशनलाई जानकारी गराउनुपर्ने बताएको छ। उच्च न्यायलयले यो पनि स्पष्ट परेको छ कि यदि शिक्षकहरू आयोगको निर्णयबाट सन्तुष्ट छैनन् भने, उनीहरूले फेरि अदालतमा जान सक्छन्।

**पश्चिम बंगाल माध्यमिक परीक्षा**

पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्डले हिज पश्चिम बंगाल माध्यमिक परीक्षा 2026 को परिणाम सार्वजनिक गरेको छ। यस वर्ष विद्यार्थी सफलता दर 86.83 % रेकर्ड गरिएको छ। यस वर्ष उत्तर दिनाजपुरका विद्यार्थी अभिरुप भद्राले 700 मा 698 अंक प्राप्त गरेर राज्यमा प्रथम स्थान हासिल गरेको छ। अभिरुपले 99.71% अंकका साथ राज्यमा प्रथम स्थान हासिल गरेको हो। यस वर्ष माध्यमिक परीक्षाको मेरिट सूचीमा 131 विद्यार्थीहरू शीर्ष 10 मा परेका छन्। राज्यका शीर्ष स्थान अभिरुप भद्रा छन् भने अरित्र दासले 697 अंक प्राप्त गरेर दोस्रो स्थान हासिल गरेका छन्। सौम्या पालले 696 अंक प्राप्त गरेर तेस्रो स्थान हासिल गरेकी छन्। बोर्डले दिएको जानकारी अनुसार, नियमित, निरन्तर र कम्पार्टमेन्ट श्रेणीहरू सहित कूल 9 लाख 59 हजार 753 उम्मेदवारहरूले परीक्षा दिएका थिए। परीक्षा राज्यभरिका 2600 भन्दा बढ़ी केन्द्रहरूमा सञ्चालन गरिएको थियो।

**ममता बनर्जी**

पश्चिम बंगालको राजनीतिमा सत्ता परिवर्तनको चर्चा चलिरहेको बेला, तृणमूल कांग्रेसकी प्रमुख ममता बनर्जी फेरि एक पटक राजनीतिक बहसको केन्द्र बन्नुभएको छ। उहाँ हाल मुख्यमन्त्री नभए पनि, उहाँको सामाजिक सञ्जाल प्रोफाइल "मुख्यमन्त्री" को रुपमा दर्ता छ। यसले राजनीतिक र प्रशासनिक वृत्तमा नयाँ बहस सुरु गरेको छ।

विपक्षी दलहरूले राज्यपालको निर्देशन र विधानसभा विघटन पछि पनि सामाजिक सञ्जालमा ममता बनर्जीले "मुख्यमन्त्री" शब्दको निरन्तर प्रयोगले संवैधानिक मान्यतामाथि प्रश्न उठाएको आरोप लगाएका छन्।

**गोर्खा जनमुक्ति मोर्चा**

गोर्खा जनमुक्ति मोर्चाद्वारा बंगाल सरकारले गैर कानुनी रुपमा नियुक्त गरिएको खरसाङ नगरपालिकाको बोर्ड खारेज गर्नु पर्ने मांगसहित विभिन्न विषयहरुमा खरसाङ महकुमा शासकलाई ज्ञापन पत्र बुझाएको छ।गोर्खा जनमुक्ति मोर्चाले खरसाङ नगरपालिकाको बोर्ड खारेज हुनुपर्ने र खरसाङ महकुमा शासकले चार्च लिनु पर्ने माग पनि राखेको छ। यसको साथै उक्त ज्ञापन पत्रमा खरसाङ नगरपालिका क्षेत्रमा भएको विभिन्न भ्रष्टाचारको सही जाँच भएर कार्वाही गरिनु पर्ने, नगरपालिका क्षेत्रमा गैर कानुनी रुपमा दोकानहरु कसरी निर्माण भयो साथै मनोपली रुपमा भ्रष्टाचार गरेर गरिएको कामको जाँच हुनु पर्ने माग राखेका छन्। यसको साथै नगरपालिका क्षेत्रमा अवकाशप्राप्त कर्मचारीहरुले पीएफ, ग्राजुएटी, पेन्शन झट्टै पाउनु पर्ने अनि यसमाथि भएको भ्रष्टाचारको सही जाँच भएर दोषीहरुमाथि कानुनी कार्वाही हुनु पर्ने माग राखेका छन्। उक्त ज्ञापन पत्र बुझाउन अघि गोर्खा जनमुक्ति मोर्चाको टोलीले खरसाङको मोटर स्ट्याण्डबाट एउटा र्‍यालीको साथमा खरसाङ महकुमा शासकको कार्यालयमा पुगेर ज्ञापन पत्र बुझाएका छन्।

****** ० ******